मेलुङ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

बैठक सङ्ख्या : ७३

आज मिति २०८३/०३/२५ गते बिहिवारका दिन मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका गाउँ कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिका बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तामाङ | अध्यक्ष | | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वर कोईराला | सदस्य | | |
| ४ | श्री रामकृष्ण भण्डारी | सदस्य | | |
| ५ | श्री वसन्त लामा | सदस्य | | |
| ६ | श्री सोम बहादुर बम्जन लामा | सदस्य | | |
| ७ | श्री ललित वहादुर थापा मगर | सदस्य | | |
| ८ | श्री कुसुम लामा | सदस्य | | |
| ९ | श्री नवराज खड्का | सदस्य | | |
| १० | श्री शान्ता दहाल कार्की | सदस्य | | |
| ११ | श्री राममाया लामा | सदस्य | | |
| १२ | श्री बिमला नेपाली | सदस्य | | |
| १३ | श्री बिन्दा पाण्डे | सदस्य | | |
| १४ | श्री यादव घतानी | सदस्य | | |
| १५ | श्री मल्लिका दर्नाल | सदस्य | | |
| १६ | श्री भुवन चापागाई | सचिव | | |

आमन्त्रित :

१ श्री डिल्ली वहादुर बुढाथोकी, का.वा. वडा अध्यक्ष, वडा नम्बर १

२ श्री रामेश्वर अधिकारी, का.वा. वडा अंध्यक्ष, वडा नम्बर ४

३ श्री रामकाजी काफ्ले, नीति योजना तथा अनुगमन शाखा प्रमुख

४ श्री काशीविक्रम कार्की का.वा., वडाअध्यक्ष वडा नं ६.

प्रस्तावहरु :

१. आ.ब. २०८३/०८४ को विनियोजन विधेयक,२०८३ संशोधन सम्बन्धमा।
२. प्रशासकीय भवनको म्याद थप सम्बन्धमा।
३. सहकारी संस्थाको अनुगमन प्रतिवेदन माथि छलफल सम्बन्धमा।
४. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ सम्बन्धमा।
५. विविध सम्बन्धमा।
   - गाउँपालिका अध्यक्ष ज्यूको भ्रमण आदेश स्वीकृत सम्बन्धमा।

निर्णयहरु :

१. प्रस्ताव नम्बर १ सम्बन्धमा छलफल गर्दा मिति २०८३ असार १० गते गाउँसभामा पेस भएको आ.ब. २०८३/०८४ को वनियोजन विधेयक,२०८३ लाई संशोधन गरियो। विधेयकलाई मिति २०८३ असार २५ को गाउँ सभाको १९ अधिवेशनको चौथो बैठकमा पेस गर्ने।

२. प्रस्ताव नम्बर २ सम्बन्धमा छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्झौताको अवधि मिति २०८३ मंसिर मसान्त सम्म थप गर्ने।साथै मिति २०८२ असोज ३१ को गाउँ कार्यपालिकाको बैठकमा प्रशासकीय भवनको सम्झौता अवधि ३ महिना थप गर्ने भनि निर्णय भएकोमा सोको आसय विपरित कार्यालयबाट पूर्व निर्धारित क्षतिपूर्ति लगाई २०० दिन म्याद थप सम्बन्धी पत्रचार भएकोले सो पत्र अनुसारको निर्णयलाई खारेज गरी गाउँ कार्यपालिकाको निर्णय बमोजिम नै हुने निर्णय गरियो।

३. प्रस्ताव नम्बर ३ सम्बन्धमा छलफल गर्दा सहकारी संस्थाको वार्षिक अनुगमन प्रतिवेदनमाथि छलफल गरियो। प्रतिवेदन लाई संस्थागत रुपमा कार्यान्वयनको लागि सम्बन्धित सहकारी संस्थामा पठाउन निर्देशन गर्ने साथै निष्कृय सहकारी संस्थाहरुलाई कार्यालयमा सम्पर्कमा आउन ३५ दिने सूचना जारि गर्ने।

४. प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा नेपाल सरकारको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम पुनरावलोकन भई पेस भएको अनुसूचि -१ बमोजिमको दरबन्दी तेरिज संलग्न संगठन तथा व्यवस्थापन प्रतिवेदन, २०८३ लाई स्वीकृतको लागि गाउँसभामा पेस गर्ने।

५. प्रस्ताव नम्बर ४ सम्बन्धमा छलफल गर्दा देहाय बमोजिम निर्णय गर्ने।
   - मेलुङ गाउँपालिकाका अध्यक्ष श्री हिरा कुमार तामाङ ज्यूको आ.व. २०८२/०८३ का सम्पूर्ण भ्रमण आदेश अनुमोदन गर्ने।

हिरा कुमार तामाङ
अध्यक्ष